# अधिकृत क्याडेट पदको खुला/आन्तरिक प्रतियोगितात्मक परीक्षाको
# नेपाली विषयको पाठ्यक्रम

समय: २ घण्टा ३० मिनेट

पूर्णाङ्क: १००
उत्तीर्णाङ्क: ४०

यो पाठ्यक्रम नेपाली सेनाको **अधिकृत क्याडेट** छनौट परीक्षा (खुला) का लागि निर्धारण गरिएको हो । **उच्च माध्यमिक तह** (१०+२) को **अनिवार्य नेपाली** विषयको पाठ्यवस्तुमा आधारित यसमा तहगत ज्ञान, सिप र भाषिक क्षमताको परीक्षण गर्ने मूल उद्देश्य राखिएको छ । यसलाई मुख्यत : **व्याकरण** र **बोध तथा अभिव्यक्ति** गरी दुई खण्डमा बाँडिएको छ । व्याकरण खण्ड अन्तर्गत वर्ण, वर्ण विन्यास, शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, शब्द भण्डार, कारक र वाक्य सम्बन्धी पाठ्यवस्तु समावेश गरिएका छन् भने बोध र अभिव्यक्ति खण्ड अन्तर्गत बोध तथा भाषिक अभिव्यक्तिका विविध पक्षहरू समाविष्ट छन् । व्याकरण खण्ड अन्तर्गत २० अङ्कका बहुवैकल्पिक वस्तुगत प्रश्न र २० अङ्कका प्रयोगमूलक विषयगत प्रश्नहरू समावेश छन् भने बोध र अभिव्यक्ति खण्ड अन्तर्गत ६० अङ्कका बोध तथा अभिव्यक्तिसँग सम्बन्धित व्यावहारिक सिप तथा स्वतन्त्र लेखनसँग सम्बन्धित प्रश्नहरू समावेश छन् ।

## *लिखित परीक्षा योजना*

| विषय वस्तु | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सङ्ख्या र अङ्क | समय |
|---|---|---|---|---|
| **व्याकरण** | ४० | **वस्तुगत बहुवैकल्पिक प्रश्न** | २०×१= २० | १५ मिनेट |
| | | **विषयगत** | ५×४ = २० | २ घण्टा १५ मिनेट |
| **बोध र अभिव्यक्ति** | ६० | **व्यावहारिक र स्वतन्त्र लेखन** | २×१० =२०<br>८×५ =४० | |

यो पाठ्यक्रम मिति २०७०/०२/१४ गते पश्चात हुने विज्ञापन देखि लागु हुनेछ ।

## एकाइ (१) : व्याकरण

यस खण्डको पाठ्यभार ४० अंकको हुनेछ र यस अन्तर्गत निम्न लिखित पाठ्यवस्तु पर्ने छन् :

**१.१ नेपाली वर्ण पहिचान र अक्षर संरचना एवम् अक्षर सङ्ख्या** ५

**१.२ वर्ण विन्यास** ५

**१.३ शब्द भण्डार** ३

पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी र समूहवाची

**१.४ शब्दवर्ग** ५

नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक

**१.५ शब्द निर्माण** ५

उपसर्ग, प्रत्यय, समास र द्वित्व

**१.६ कारक** २

**१.७ वाक्यका प्रकार तथा वाक्य संश्लेषण र वाक्य विश्लेषण** ५

**१.८ वाक्यतत्त्व र वाक्यान्तरण** १०

लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, वाक्य, करण-अकरण र उक्ति

## एकाइ (२) : बोध र अभिव्यक्ति

यस खण्डको अङ्कभार ६० हुनेछ र यस अन्तर्गत निम्न लिखित पाठ्यवस्तु पर्नेछन् :

**२.१ बोध** **१०**

नेपाली भाषामा लेखिएको २५० देखि ३०० शब्दसम्मको कुनै एक गद्यांश दिई तथ्यपरक, निष्कर्षात्मक, अनुमानात्मक र सन्दर्भ बोधक चार प्रश्न र शब्द वा पदावलीको अर्थ लेख्ने गरी पाँच प्रश्न सोधिने ।

**२.२ बुँदा टिपोट र सारांश** **५**

नेपाली भाषामा लेखिएको १३० देखि १५० शब्दसम्मको कुनै एक गद्यांश दिई पाँचओटा बुँदा टिप्न वा सारांश लेख्न लगाइने ।

## २.३ निबन्ध लेखन १०

विभिन्न प्रकृति (आत्मपरक र वस्तुपरक) का तीन शीर्षक दिई कुनै एक विषयमा २५० देखि ३०० शब्दसम्मको निबन्ध लेख्न लगाइने ।

## २.४ अनुच्छेद लेखन ५

कुनै दुई शीर्षक दिई एक शीर्षकमा १३० देखि १५० शब्दसम्मको अनुच्छेद लेख्न दिइने ।

## २.५ पत्र रचना ५

कार्यालयीय पत्र वा व्यापारिक पत्र वा निवेदन वा सम्पादकलाई चिठीमध्येबाट कुनै दुई प्रश्न सोधी एकको उत्तर दिन लगाइने ।

## २.६ विज्ञापन र सूचना लेखन ५

कुनै विषयमा विज्ञापन वा सूचना तयार गर्न लगाइने ।

## २.७ प्रतिवेदन र टिप्पणी लेखन ५

कुनै एक समसामयिक विषय (घटना, समारोह, भ्रमण) मा १८० देखि २०० शब्दसम्मको प्रतिवेदन वा टिप्पणी लेख्न दिइने ।

## २.८ वक्तृता र वादविवाद ५

कुनै शीर्षकमा वक्तृता वा वादविवाद सम्बन्धी कुनै एक प्रश्न सोधिने ।

## २.९ संवाद र मनोवाद ५

कुनै एक शीर्षकमा संवाद वा मनोवाद  लेख्न दिइने ।

## २.१० भाव विस्तार ५

कुनै सारगर्भित उद्धरण दिई त्यसको भाव विस्तार गर्न दिइने ।

## *पाठ्यक्रमका एकाइहरूबाट यथासम्भव निम्नानुसार प्रश्नहरू सोधिनेछन् :*

| एकाइ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | २.१ | २.२ | २.३ | २.४ | २.५ | २.६ | २.७ | २.८ | २.९ | २.१० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा अङ्कभार** | ५ | ५ | ३ | ५ | ५ | २ | ५ | १० | १० | ५ | १० | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| **प्रश्न सङ्ख्या** (वस्तुगत) | ५ | १ | ३ | १ | ५ | २ | १ | २ | - | - | - | - | - | -- | - | - | - | - |
| **अङ्कभार** | ५ | १ | ३ | १ | ५ | २ | १ | २ | - | - | - | - | - | - | - | - | - | - |
| **प्रश्न सङ्ख्या** (विषयगत) | - | १ | - | १ | - | - | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| **अङ्कभार** | - | ४ | - | ४ | - | - | ४ | ८ | १० | ५ | १० | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |

***ध्यानाकर्षण :*** (बस्तुगत प्रश्नपत्र पहिलो चरणमा वितरण गरी सोको निर्धारित समय सकिएपछि विषयगत प्रश्न पत्र वितरण गरिनेछ ।

## अधिकृत क्याडेट पदको खुला प्रतियोगितात्मक परीक्षाको
## नेपाली विषयको नमुना प्रश्नपत्रहरू

### (वस्तुगत प्रश्न)

सर्वोपयुक्त उत्तरमा ( √ ) चिह्न लगाउनु होस् : १ × २० = २०

१. तलका मध्ये कुन ओष्ठ्य वर्ण हो ?

क) प ख) च ग) त घ) ल

२. उच्चारण प्रयत्नका आधारमा 'व' वर्ण कुन वर्ण हो ?

क) स्पर्शी ख) अर्धस्वर ग) नासिक्य घ) सङ्घर्षी

३. तलका मध्ये कुन दन्त्य वर्ण हो ?

क) छ ख) ढ ग) थ घ) ह

४. तलका मध्ये सघोष वर्ण कुन हो ?

क) स ख) घ ग) ख घ) ट

५. तलका मध्ये महाप्राण वर्ण कुन हो ?

क) ग ख) झ ग) ङ घ) द

६. तलका मध्ये वर्ण विन्यासका दृष्टिले शुद्ध रूप कुन हो ?

क) बिवेकशिल ख) बिबेकशिल ग) विवेकशील घ) विवेकशिल

७. 'सूर्य' को पयार्यवाची शब्द कुन हो ?

क) निशा ख) भाष्कर ग) शशी घ) इन्दु

८. तलका मध्ये अनेकार्थी शब्द कुन हो ?

क) कर ख) खर ग) वर घ) तर

९. 'श्रीगणेश' को विपरीतर्थी शब्द कुन हो ?

क) थालनी ख) प्रारम्भ ग) इतिश्री घ) प्रार्थना

१०. 'बिहान सबेरै उठ्नुहोस् ।' भन्ने वाक्यमा 'सबेरै' कुन शब्दवर्गको शब्द हो ?

क) किया ख) कियायोगी ग) नामयोगी घ) विशेषण

११. ‘रतन्धो’ कसरी बनेको शब्द हो ?

क) समास भएर ख) द्वित्व भएर

ग) प्रत्यय लागेर घ) उपसर्ग लागेर

१२. ‘पालो + पालो’ = ‘आलोपालो’ कुन द्वित्व अन्तर्गत पर्दछ ?

क) आंशिक द्वित्व ख) आपरिवर्तित द्वित्व

ग) पूर्ण द्वित्व घ) परिवर्तित द्वित्व

१३. ‘मामाघर’ कुन समास अन्तर्गत पर्दछ ?

क) तत्पुरुष समास ख) द्विगु समास

ग) कर्मधारय समास घ) द्वन्द्व समास

१४. तलका मध्ये उपसर्ग लागेको शब्द कुन हो ?

क) अपेक्षा ख) हँसिलो ग) मानवीय घ) कर्तव्य

१५. ‘द्रष्टा’ कसरी बनेको शब्द हो ?

क) द्रस् + टा ख) द्रस् + ता ग) दृस् + ता घ) दृश् + ता

१६. ‘हीराले घर गएर भात खायो ।’ यो वाक्यमा ‘भात’कुन कारक हो ?

क) कर्ता कारक ख) कर्म कारक

ग) करण कारक घ) सम्प्रदान कारक

१७. ‘मैले कलमले भाइलाई चिठी लेखेँ ।’ यो वाक्यमा ‘करण कारक’ कुन हो ?

क) म ख) कलम ग) चिठी घ) भाइ

१८. ‘हरिले विद्यालय गएर पुस्तक पढ्यो ।’ यो बनोटका आधारमा कस्तो वाक्य हो ?

क) सरल वाक्य ख) संयुक्त वाक्य ग) मिश्र वाक्य घ) जटिल

१९. ‘कवि कविता लेख्छन् ।’ वाक्यको स्त्रीलिङ्गी वाक्य कुन हो ?

क) कवि कविता लेख्छिन् । ख) कवयत्री कविता लेख्छ ।

ग) कवयत्री कविता लेख्छिन् । घ) कवयित्री कविता लेख्छिन् ।

२०. तलका मध्ये कुनचाहिँ सर्वनाम द्वितीय पुरुषवाचक होइन ?

क) तँ ख) तिनी ग) तिमी घ) तपाइँ

## विषयगत प्रश्न

## समूह 'क'

१. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : ४

विशोमान चित्रमा नेपाल सानो देखिए ता पनि यो शुन्दर शान्त र रमणिय पर्यटकिय मुलुकका रुपमा सुपरिचित छ ?

२. रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनु होस् : ४

जीवन चारैतिरबाट सुन्दर मूर्तिझैं हुनुपर्छ अनि पछि पो यसले हाम्रो जीवनमा सार्थकता पाउँछ ।

३. तलका सरल वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् : ४

लक्ष्मी प्रसाद देवकोटा महाकवि हुन् । उनी उदार चरित्रका थिए । उनी कवितामै कुरा गर्न सक्थे । उनले महाकाव्य लेखे । उनले खण्डकाव्य लेखे । उनले उपन्यास लेखे । उनले थुप्रै फुटकर कविता लेखे । उनी सबै सामु परिचित भए ।

४. कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नु होस् : ४

क) आज धेरै गर्मी छ । (अकरण)

ख) गरिबमाथि दया गर्नु होस् । (कर्मवाच्य)

ग) पानी परे बाटो हिलो हुन्छ । (संयुक्त वाक्य)

घ) डाक्टरले बिरामीलाई भने, "औषधी रूपले खानु होस् ।"(अप्रत्यक्ष कथन)

५. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नु होस् : ४

क) तिनीहरू परीक्षा ......... । (दि : पूर्ण भूत)

ख) म त भुसुक्कै ...........। (निदाउ : अज्ञात भूत)

ग) हामी सबै मिलेर देशको विकास ........। (गर् : इच्छार्थ)

घ) पानी परे .............। (सप्र : सङ्केतार्थ)

## समूह 'ख'

६. दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : १०

शान्तिको बाटो साह्रै कठिन छ । हिंसात्मक भावनाबाट सिर्जित शान्ति दीर्घजीवी हुँदैन । यसमा स्वार्थ, अत्याचार र हिंसाको छाँया परेको हुन्छ । त्यसकारण सर्वप्रथम यस संसारबाट हिंसा-प्रतिहिंसाजस्ता महान् रोगहरूको इलाज गर्न हामी तम्सिनु पर्छ । हामीमा जाति, रङ्ग र उचनीचको भावना आउनु हुँदैन । यसको विपरीत 'बसुधैब कुटुम्बकम्' को महान् आदर्शलाई हृदयङ्गम गरेर संसारमा मानवप्रति प्रेम जगाउनु पर्छ । मानिसले एक अर्कालाई निर्धन, अर्कै आदर्शको, अर्कै

जातिको भनेर घृणा गर्नु बुद्धलाई बिर्सेर युद्धलाई प्रोत्साहन गर्नु बराबर हो । त्यसकारण विश्वभरका मानिसहरु एक भएर आपसआपसमा उब्जने वैमनस्य आपसी समझदारीले हटाउनु पर्छ । हिंसा र प्रतिहिंसाको भावनालाई आफ्नो अन्तस्करणदेखि नै निकालेर फ्याँक्नुपर्दछ र बुद्धको आदर्शरूपी पञ्चशील व्यवहारमा भित्र्याउने प्रयास गर्नुपर्दछ । आज समस्त मानव समाज युद्ध र आतङ्कको छायाले त्रस्त छ त्यसकारण साधुको मात्र हैन दुर्जनको पनि रक्षा गरेर शान्तिको बाटो हिँडाउनु पर्छ । आफू पनि बाँच्नु र अरुलाई पनि बचाउनु मानवताको पहिलो आदर्श हो ।

**प्रश्नहरू** :

(क) हिंसात्मक भावनाले सिर्जिएको शान्ति किन दीर्घजीवी हुँदैन ?
(ख) के-कस्ता कुराले शान्ति व्यवस्थापनमा बाधा पुऱ्याउँछ ?
(ग) वास्तविक शान्ति स्थापनाका लागि के गर्नुपर्दछ ?
(घ) मानवताको मुख्य आदर्श के हो ?
(ङ) 'दीर्घजीवी' र 'प्रतिहिंसा' को अर्थ के हो ?

७. तलको गद्यांशबाट पाँचओटा बुँदाहरू टिपी सारांश लेख्नु होस् : ५

परिश्रमी जीवन नै पूज्य हुन्छ, उदाहरणीय हुन्छ । जसरी घोटिँदा घोटिँदा नदीको ढुङ्गा गोलो हुन्छ, त्यसैगरी परिश्रम गर्दागर्दा जीवनले नयाँ रूप धारण गर्दछ । 'उद्योगीले जोगी हुनु पर्दैन' भन्ने लोकोक्तिले पनि हामीलाई परिश्रम गर्न सन्देश दिएको छ । हरेक क्षेत्रमा परिश्रमको ठूलो महत्त्व छ । यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी बन्ने होइन कर्मवादी बन्नु पर्छ,पुरुषार्थी हुनु पर्छ । धर्म, अर्थ, काम र मोक्ष गरी हाम्रा चार पुरुषार्थ छन् । ती पुरुषार्थलाई प्राप्त गर्न निरन्तर साधना वा परिश्रमको खाँचो छ । भाग्यवादी भएर बस्नु भनेको आफ्नो परिश्रमरूपी ऊर्जाको दुरुपयोग गर्नु हो । परिश्रम जीवनको पूजा हो, समाज र राष्ट्रको सेवा हो । निरन्तर साधनारत रहेर परिश्रम गरेमा हामी राजा विश्वरथबाट महर्षि विश्वामित्र बन्न सक्छौं ।

८. कुनै एक शीर्षकमा ३०० शब्द नघटाई निबन्ध लेख्नु होस् : १०

(क) जडीबुटीको महत्त्व
(ख) राष्ट्रसेवकको दायित्व
(ग) नागरिकको कर्तव्य

९. तलका मध्ये कुनै एक शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेख्नु होस् :

(क) वन र वन्यजन्तु
(ख) नेपालमा बेरोजगारी समस्या

१०. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

क) आफ्नो पेसागत क्षमता अभिबृद्धि गर्नका लागि दुई बर्षको अध्ययन बिदाको माग गर्दै कार्यालय प्रमुखलाई निवेदन लेख्नु होस् ।

ख) तपाईंले नियमित रूपमा पढ्ने गरेको राष्ट्रिय स्तरको पत्रिकामा छापिएको कुनै सामग्रीका सन्दर्भमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै सम्पादकलाई चिठी लेख्नु होस् ।

११. झाडापखालाबाट बच्नका लागि अपनाउनु पर्ने स्वास्थ सम्बन्धी विषयलाई समेटी स्थानीय स्वास्थ केन्द्रले तयार पार्ने एउटा सूचना तयार पार्नु होस् । ५

१२. राजमार्गमा भएको कुनै एक दुर्घटनाका सम्बन्धमा प्रतिवेदन तयार पार्नु होस् । ५

१३. 'स्वस्थ शरीरले स्वस्थ मस्तिष्कको विकास गर्छ' शीर्षकमा एउटा वक्तृता तयार पार्नु होस् । ५

१४.नेपाली सेनाको अधिकृत क्याडेट छनोट परीक्षामा सामेल हुनु अघि तपाईंको मनमा खेलेका कुराहरू समेटी मनोवाद लेख्नु होस् । ५

१५. भाव विस्तार गर्नु होस् : ५

'देशभक्ति' भनेको माटो र मुटु अर्थात् भूमि र जनताप्रति गरिने हार्दिक स्नेह वा आस्था हो ।